नाम्खा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
यालवाङ, हुम्ला
कर्णाली प्रदेश, नेपाल

प.स. ०७७/७८
चलानी न ९३

मिति: २०७८।०४।६

विषय : सामाजिक सूरक्षा भत्ता सम्बन्धमा ।

श्री वडा कार्यालयहरु
नाम्खा गाँउपालिका, हुम्ला ।
श्री वडा सचिवहरु
वडा कार्यालय, नाम्खा गाँउपालिका हुम्ला ।

प्रस्तुत विषयमा यस गाँउपालिकाको आ.व.२०७८/०८९ को सामाजिक सुरक्षा भत्ता मिति २०७८/०४/०१ देखि बैंकिङ्ग प्रणाली मार्फत हुने व्यहोरा विभिन्न बैठकमा पनि जानकारी गराईएको साथै यस अगावै पत्राचार पनि गरिएको व्यहोरा जानकारी नै छ । तर हालसम्म पनि कुनै पनि विवरण प्राप्त हुन नआएकोले आजको मितिले ७ दिन भित्र वडा अध्यक्ष र वडा सचिवले प्रमाणित गरेका आ–आफ्नो वडाहरुको सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरुको संशोधित यथार्थ विवरण गाँउपालिकामा पेश गर्न हुन जानकारी गराईन्छ ,। विवरण प्राप्त भएपछि सोको आधिकारिकता प्रमाणित गरी सम्बन्धित बैंकमा पठाउनु पर्ने, खाता खोल्नु पर्ने, अपुर्ण विवरण हेरी जाची रुजु गर्नुपर्ने जस्ता कार्य गर्न लामो समय लाग्ने भएकोले तोकिएको समयमा विवरण पेश गर्न हुन ताकेत गरिएको छ । तोकिएको मिति भित्र विवरण नपठाई सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीले यथासमयमा सुविधा नपाएमा सम्बन्धित वडाध्यक्ष र वडा सचिव जिम्मेवार हुने व्यहोरा जानकारी गराईन्छ ।

बोधार्थ :
श्री राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभाग
सिंहदरवार काठमाडौं : जानकारीको लागि अनुरोध छ ।
श्री गाँउपालिका अध्यक्षज्यू
नाम्खा गाँउपालिका, यालवाड हुम्ला । जानकारीको लागि अनुरोध छ ।

धर्मराज न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकिय अधिकृत

श्री सूचना प्रविधि अ.प्र.
नाम्खा गा.पा. वेभसाइटमा अपलोड गर्नुस् ।

फोननम्बर : ०८७-६८०२८०, अडियो नोटिस बोर्ड : १६१८०८७६८०२८०
वेवसाइट : www.namkhamun.gov.np,ईमेल:ito.namkhamun123@gmail.com